# बैजनाथ गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभाबकारिता

विषयक

# सार्वजनिक सुनुवाई

२०८० माघ २९ गते

# प्रगति-प्रतिवेदन




**आयोजक**

बैजनाथ गाउँपालिका, बाँके

**सहजिकरण**

बास नेपाल

## *बैजनाथ गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता*
*बिषयक*

# सार्वजनिक सुनुवाइ

२०८० माघ २९ गते

## प्रगति-प्रतिबेदन

**१. सहजिकरण गर्ने संस्थाको परिचय :–**

बास नेपाल बिगत २२ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल राष्ट्रिय गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहँदै आएको छ । ७७ जिल्ला शाखा, २० उपशाखा, ८० ईकाई र ५ हजार बढि युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिंसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण र संस्थागत बिकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपालको आबद्ध संस्था हो ।

**२. सार्वजनिक सुनुवाइ कार्यक्रमको पृष्ठभुमी :**

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनिहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजीक सुनुवाईबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषणपनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुणर दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुका नागरिकको अधिकार पनि हो ।

सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले चौमासिक तथा वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ समेत लागु भएको थियो । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा २०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको



असल शासन क्लब (बास)

मानिन्छ । सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका व्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरु सम्म पनि भन्ने गरिन्छ ।

सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य, अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । सुशासन ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । अहिले देश संघिय संरचना अनुसार संचालित छ । हाल सबै कामहरु स्थानीय तहहरु मार्फत संचालन भइरहेको बर्तमान अवस्थामा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक जवाफदेहिता प्रबर्द्धन कार्यविधि २०७७ (नमुना) जारि गरेको छ । उक्त कार्यबिधिमा स्थानीय तहको सार्वजनिक सुनुवाईको कुरालाई महत्वका साथ उठाएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, गर्नुपर्ने व्यवस्था गरिएको छ । सोहि प्रावधान अनुसार बैजनाथ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्धबार्षिक सार्वजनिक सुनुवाइ माघ २९ गते सम्पन्न भएको छ ।

## ३. कार्यक्रमका उद्धेश्यहरु :

- गाउँपालिकाको काम कारबाही बारे नगरबासिहरुलाई जानकारी गराउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल /बहस गर्ने ।
- गाउँपालिकासँग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्ठपोषण लिने ।
- पालिकाले गरेका चौमासिक गतिबिधिको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- सेवाग्राहिकाबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

## ४. सार्वर्जजनिक सुनुवाई संचालनका क्रममा अवलम्बन गरिएका विधिहरु :

बैजनाथ गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई गर्नु पूर्व निम्न विधिहरु अवलम्बन गरिएको थियो :

***क. प्रस्तावना पेश र सम्झौता :*** कार्यक्रम संचालन गर्नुपूर्व रित पूर्वक सबै प्रक्रिया पुरा गरी नियमसँगत र प्रक्रियागत रुपमा कार्यक्रम संचालन गर्न प्रस्तावना पेश गरिएको थियो । सो प्रस्तावना माथि पालिकाले मूल्यांकन गर्दै सहजीकरणको लागि बास नेपाललाई छनौट गरि कार्यक्रम संचालन गर्ने कार्य आदेश प्रदान गरेको थियो ।

***ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :***

सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पुर्व आयोजक संस्थाका प्रतिनीधि र सहजिकरणको जिम्मा पाएको संस्था बिच स्थानीय सरकार संचालन ऐन २०७४, सुशासन ऐन २०६४ तथा नियमावली, २०६५, स्थानीय निकाय सार्वजनिक जवाफदेहिता प्रबद्धन सम्बन्धिको नमुना कार्यविधि, २०७७, लगायतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्यायन गरिएको थियो ।

***ग. सार्वर्जजनिक सुनुवाइको लागि सूचना तथा प्रचार प्रसार र पत्राचार :***



असल शासन क्लब (बास) ★२०५७★

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारको लागि गाउँपालिकामा सबैलाई सार्बजनिक सुचना एक हप्ता अगाडी देखि गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुन अगाबै सार्वजनिक सूचना प्रकाशन, निमन्त्रणा पत्र बितरण तथा पत्राचार समेत गरिएको थियो । बिशेष गरि वडा कार्यालय र बास स्वयंमसेवकहरु मार्फत सबै वडाका स्थानीय नागरिकहरुलाई आमन्त्रण गरिएको थियो ।

***घ. मिति, समय र स्थान निर्धारण :***

गाउँपालिका र बास बिच छलफल पश्चात बैजनथा गाउँपालिकाको कार्यालय रहेको स्थान वडा नं. ५ को रामपुरमा सुनुवाई गर्ने भनी २०८० माघ २९ गते दिउसो १:०० बजे देखि कार्यक्रम गर्ने समय निर्धारण गरिएको थियो ।

***ङ. बर्हिगमन अभिमत संकलन :***

बैजनाथ गाउँपालिकाले दिने सेवा तथा सुविधाको बिषयमा ५० जना सेवाग्राहीहरुबाट बर्हिगमन अभिमत संकलन गरिएको थियो ।

**५. सार्वजनिक सुनुवाई कार्यक्रम संचालन**

बैजनाथ गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम बैजानाथ गाउँपालिकाको आयोजना र बास नेपालको सहजिकरण मिति २०८० माघ २९ गते सम्पन्न भएको छ । बैजनाथ गाउँपालिकाको कार्यालय रहेको स्थान रामपुरमा उक्त सुनुवाई कार्यक्रम सम्पन्न भएको हो । सुनुवाईमा सहभागीहरुले सामुदायिक विद्यालयको शैक्षिक गुर्णस्तर खस्किदै गएको, विद्यालय व्यवस्थापन समिति गठन गर्दा राजनीति पूर्वाग्रही हुने गरेको, कृषिलाई आधुनिकिकरण गर्दै लैजानु पर्ने, सिँचाई सुविधाको ब्यवस्थापन हुनुपर्ने, आवश्यक्ताको आधारमा योजना छनौट गर्नुपर्ने, विभिन्न क्षेत्रमा खानेपानीको समस्या देखिएको, प्रचथामिक स्वास्थ्य केन्द्रमा चिकित्सक र औषधिको अभाव रहेको, एक्सरे मेसिन प्रयोग बिहिन भएको, लागु औषध दुर्व्यसनीको समस्या बढ्दो क्रममा रहेको, लक्षित वर्गको बजेटको दायरा बढाउनु पर्ने, सडक तथा पुल बन्न आवश्यक ठाँउमा सडक र पुल निर्माणमा ध्यान दिनुपर्ने, भुमिहिनलाई जग्गा लालपुर्जाको ब्यवस्था गर्नुपर्ने, बालबालिकाहरु जन्मदर्ता गर्नबाट बञ्चित भएको जस्ता सवालहरु उठान गरेका थिए ।

सहभागिबाट आएको प्रश्नहरुको जवाफ दिँदै गाउँपालिकाका अध्यक्ष प्रकाश बहादुर शाहीले पालीकाले कृर्षिजन्य सहयोगको गुणस्तर र दिगोपना कायम गर्नका लागि सम्वन्धित निती तयार गर्ने कार्य अन्तिम चरणमा छ र सोहीअनुसार नितीको प्रभावकारी कार्यान्वयन गर्ने, कृर्षिजन्य उत्पादनको भ्यालु चेन स्थापना गर्नका लागि पालीकाले सहयोग र सहजिकरण गर्ने छ बताएका थिए । अध्यक्ष शाहीले लालपूर्जा वितरण कार्य यथाशिघ्र शूरु हुने बताउदै निकुञ्ज संग समन्वयगरि सम्भावित समस्या समाधान भएको र यसकालागि संघ, प्रदेश सरकार संग समन्वय भएको बताए । बडा नं. २ का अध्यक्ष राजु रुचाल ठकुरी ले बालबालिकाको जन्मदर्ता कार्य निरन्तर अगाडि वढिरहेको र कोहि पनि बालबालिका जन्मदर्ता गर्नबाट बञ्चित हुन नदिने र नीतिगत समस्या नभएको बताउलै यसका लागि कर्मचारी संयन्त्रलाई प्रष्ट निर्देशन भएको बताए । कार्यक्रम उठेका विषयलाई सम्बोधन गर्दै उपाध्यक्ष निर्मला रोकायले योजना र विभिन्न विषयगत क्षेत्रको अनुगमन भईरहेको बताउदै पालीकामा अवस्थित ३८ वटा विद्यालयको अनुगमन भएको बताइन् । अनुगमनले कभरेजगर्न नसकेका विषयहरु समुदायवाट गुनासोको रुपमा आउदा पालीकालाई सम्वोधन गर्न सहज हुने भन्दै उपाध्यक्ष रोकायाले कहिकतै समस्या परेको खण्डमा लाभग्रहिवाट सूचना प्रवाह गर्न

आव्हान गरेकी थिइन् । रोकायाले छात्रवृत्ति, सिपविकास तालीम, विषयगत तालीम र अतिरिक्त क्रियाकलापका लागि शाखागत वजेट विनियोजन भई कार्यान्वयन भएको बताइन् । कार्यक्रममा शिक्षा स्वास्थ्य शाखामा कार्यरत अधिकृत छैठौ लक्ष्मण शाहीले चिकित्सकको व्यवस्थापनका लागि पालीकाले प्रदेश मन्त्रालयमा टिप्पणी सहित माग गरेको र स्रोत खोजी कार्य भईरहेको बताउदै औषधी आपुर्ति व्यवस्थापनलाई चुस्त दुरुस्त गर्नका लागि पालीकाले कोटेशन आव्हान गरिसकेको बताए । स्वास्थ्यमा देखिएका सवै समस्या सम्वोधन गर्नका लागि आवश्यक कार्य भइरहेको शाहीको भनाइ थियो । बिभिन्न वडाका वडा अध्यक्ष, योजना शाखा प्रमुख डोटी नेपाली, सूचना अधिकारी तप्तराज आचार्य, कृषी शाखा प्रमुख प्रमोद कुमार विश्वकर्मा, पशुसेवा शाखा प्रमुख खड्क बहादुर सिंह लगायतले सहभागिहरुले उठाएका प्रश्नको वजाफ दिएका थिए । गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत राजेश कुमार यादवले गाउँपालिकाले अर्धबार्षिक अवधिमा गरेका कार्यक्रम, योजना र महत्वपुर्ण उपलब्धि समेटिएको प्रतिवदेन प्रस्तुत गरेका थिए ।

जनप्रतिनिधि, कर्मचारी र स्थानीयहरु बिच भएको दोहोरो सम्बादको अन्तमा ८ बुँदे सार्वजनिक प्रतिबद्धता व्यक्त गरिएको छ । व्यक्त गरिएको सार्वजनिक प्रतिबद्धतामा बैजनाथ गाउँपालिका वडा नम्वर ५ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको उपचार तथा प्रयोगशाला सम्बन्धि समस्या समाधान गर्ने, भुमीहिन नागरिकहरुको समस्या समाधानका लागि भुमी आयोगसँग नियमित समन्वय, सहकार्य गरि अविलम्व लालपुर्जा गर्न बाञ्छनिय भएका सबै प्रकारका भुमीहिन नागरिकहरुको निस्सा बितरण गर्ने रहेका छन् । यसैगरी जारी गरिएका अन्य प्रतिबद्धताहरुमा बैजनाथ गाउँपालिकामा रहेका जन्मदर्ता गर्न छुटेका बालबालिकाहरुको जन्मदर्ता गराउने, शिक्षाको गुणस्तरियता अभिबृद्धि गर्ने, वडा नम्वर ७ को पेडारी टोलमा पर्ने सडक निर्माणमा ढिलाई भएकाले सो कार्य तिब्र रुपमा गर्ने, गन्दर्भ समुदाय लगायत लक्षित बर्गबाट माग भई आएमा आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने रहेका छन् ।
बास नेपालका कार्यक्रम प्रबन्धक मन भण्डारीले सहजिकरण गरेको कार्यक्रममा स्वागत उपाध्यक्ष शिव कुमार बर्माले स्वागत गरेका थिए । कार्यक्रममा बासका अधिकृत रबिन्द्र बोहराले बर्हिगमन अभिमतको नतिजा प्रश्तुत गरेका थिए ।

**६. सार्वजनिक सुनुवाईमा उठान भएका सवालहरु**

सार्वजनिक सुनुवाइमा शिक्षा तथा स्वास्थ्य सेवा, कृषिको समस्या, योजना गुणस्तरीय नभएको, लक्षित वर्ग केन्द्रित कार्यक्रम, विकास निर्माण, बिधुत तथा सिचाइको समस्या लगायतका दर्जनौं बिषयहरुमा जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए । सुनुवाइमा उठान भएका स्वालहरु र सरोकारवालाको जवाफ पछाडी उललेख गरिएको छ ।

**७. प्रतिबद्धताको सार्वजननिकरण**

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाईमा उठेका सवाल वा बिषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफको आधारमा सुधारको लागि ८ बुंदे साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरिएको थियो । ८ बुँदे प्रतिवद्धताहरु प्रतिवेदनको अनुसुचीमा संलग्न गरीएकोछ ।

**८. सार्वजनिक सुनुवामा सहभागिहरु उपस्थिती संख्या:**

बैजनाथ गाउँपालिकाको आयोजना र बासको सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाको सबै वडाबाट सेवाग्राही, वडा कार्यालयका पदाधिकारी, सदस्यहरु, बिभिन्नसञ्जालका प्रतिनिधि, राजनीतिक दलका

प्रमुख एवं प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजिबी, विभिन्न संघ, संस्थाका प्रतिनिधी लगायत विभिन्न विषयगत कार्यालयका सहभागिहरुको समेत सहभागिता रहेको थियो। जुन तलको तालिकामा हेर्न सकिन्छ ।

| क्र.सं. | महिला | पुरुष | जम्मा | दलित | जनजाति | मधेसी/मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | ९० | १२१ | २११ | २८ | ४९ | १६ | ११८ |

**९. जवाफदेहि बक्ताहरुः**

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| *क्र.स.* | *नाम* | *पद* | *निकाय* |
|---|---|---|---|
| १. | प्रकाश बहादुर शाही | अध्यक्ष | बैजनाथ गाउँपालिका |
| २. | निर्मला रोकाय | उपाध्यक्ष | बैजथान गाउँपालिका |
| ३. | राजेश कुमार यादब | प्रमुख प्रशासकिय अधिकेत | बैजनाथ गाउँपालिका |
| ४. | रुप बहादुर मल्ला | वडा अध्यक्ष | बैजनाथ १ |
| ५ | राजु रुचाल ठकुरी | वडा अध्यक्ष | बैजनाथ २ |
| ६. | निखिल बैगार | वडा अध्यक्ष | बैजनाथ ३ |
| ७. | प्रेम बहादुर शाही | वडा अध्यक्ष | बैजनाथ ४ |
| ८. | देव बहादुर रावत | वडा अध्यक्ष | बैजनाथ ५ |
| ९. | भुपाल पुन मगर | वडा अध्यक्ष | बैजनाथ ६ |
| १० | दिनेश कुमार थारु | वडा अध्यक्ष | बैजनाथ ७ |
| ११ | भगन थारु | वडा अध्यक्ष | बैजनाथ ८ |
| १२ | रुपा थापा | कार्यापालिका सदस्य | बैजनाथ गाउँपालिका |
| १३ | भुमिसरा राना | कार्यापालिका सदस्य | बैजनाथ गाउँपालिका |
| १४ | मन्जु ओली | कार्यापालिका सदस्य | बैजनाथ गाउँपालिका |
| १५ | कृष्णा कुमारी सुनार | कार्यापालिका सदस्य | बैजनाथ गाउँपालिका |
| १६ | कमान सिंह सुनार | कार्यापालिका सदस्य | बैजनाथ गाउँपालिका |
| १७ | फरिदुद्दिन हलवाइ | कार्यापालिका सदस्य | बैजनाथ गाउँपालिका |
| १८ | शाखा प्रमुखहरु | सबै | बैजनाथ गाउँपालिका |



बागेश्वरी असल शासन

**१०. सवल पक्षहरु**

प्रभावकारी सेवा, सुविधा तथा गुणस्तरीय विकास कार्यक्रम, बिकास निर्माण, बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाब राख्नका लागि, प्रदेश प्रशिक्षण प्रतिष्ठाको सहयोग बैजनाथ गाउँपालिकाको आयोजना तथा बासको सहजिकरणमा सञ्चालन भएको सार्वजनिक सुनुवाई एक सफल कार्यक्रमको रुपमा स्थापित भएकोछ । यो कार्यक्रम सञ्चालनको क्रममा पाईएका केहि सवल पक्षहरु निम्नानुसार रहेका छन् ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा स्थानिय सरकार संचालन ऐन २०७४, स्थानीय निकाय सार्वजनिक जवाफदेहिता प्रबर्द्धन कार्यबिधि-२०७७ (नमुना) अनुसार सम्पन्न भएको छ ।

२. सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाको सेवा प्रबाहको अवस्था, मूख्य-मूख्य उपलव्धिहरु, नयाँ कार्यहरु र आगामी योजना बारे जानकारी गराउने काम भएको छ ।

३. सहभागिहरुले गुनासा, जिज्ञासा, सुझाब स्वस्फूर्त रुपमा धक फुकाएर अभिव्यक्त गरेका छन् ।

४. कार्यक्रमको सुरुवातमा सार्वजनिक सुनुवाइका आचारसंहिता प्रस्तुत सहित अनुमोदन गरी कार्यक्रम संचालन गरिएको थियो ।

५. सहभागिहरुबाट उठान गरिएका सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्त बुझ्दो जबाफ खोज्ने काम भएको थियो भने सहजकर्ताबाट थप प्रष्ट पार्नका लागि प्रभावकारी रुपमा सहजिकरण गर्ने काम भएको थियो ।

६. कार्यक्रमको अन्तमा छलफल भएका विषयवस्तुहरुलाई संक्षेपीकृत गरी ८ बुँदे प्रतिवद्धता तयार र सार्वजनिकीकरण गरी जबाफदेहि बक्ताहरुलाइ हस्ताक्षर गराईएको थियो ।

७. सुनुवाईमा गाउँपालिका कार्यालयका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुखहरुको उपस्थित हुनुले सुनुवाई प्रभावकारी भएको थियो ।

८. सुनुवाईमा अल्प संख्य, सिमान्तकृत, तथा पछाडि परेका वर्गहरुको अर्थपुर्ण सहभागिता रहेको थियो ।

**११. सुधारका लागि सुझाब**

१. कार्यक्रम निकै प्रभावकारी भएको भएपनि थप प्रभावकारि बनाउनका लागी सम्पन्न सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनु पर्ने देखिन्छ ।

२. सार्वजनिक सुनुवाइ हरेक चौमासिक अवधिमा गर्नुपर्ने ।

**१२. कार्यक्रमका उपलव्धिहरु :**

- गाउँपालिकाको काम कारबाही बारे नागरिकहरुलाई जानकारी गराउने काम भएकोछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने काम भएको छ ।
- गाउँपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने काम भएकोछ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बारेमा पृष्टपोषण लिने काम भएकोछ ।
- बार्षिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएको छ ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने काम भएको छ ।

## १३. सुनुवाईका तस्विरहरु









सुनुवाईको सहजिकरण गर्दै सहजकर्ता मन भण्डारी बाँया तथा प्रश्नको जवाफदिदै गाउँपालिकाका अध्यक्ष प्रकाश बहादुर शाही र उपाध्यक्ष निर्मला रोकाया दाँया ।





सुनुवाईमा प्रश्न गर्दै सहभागिहरु ।





प्रगती प्रतिवेदन प्रस्तुत गर्दै गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत राजेश कुमार यादव बायाँ तथा सहभागिहरु दाँया ।

## *अनुसूची १*

***सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :***

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

बागेश्वरी असल शासन

अनुसूची २

**बैजनाथ गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारीता विषयमा गरिएको**

**बर्हिगमन अभिमत (Exit Poll) संकलन**

# समष्टिगत अभिमत नतिजा

२०८० माघ २९

देहायको तथ्यांक ५० जना सेवाग्राहीको विचमा गरिएको सर्वेक्षणमा आधारित छ ।

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन | | |
|---|---|---|---|---|
| १ | सेवा लिदा कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई जानकारी भयो ? | अति स्पष्ट १०% | ठीकै ८०% | अस्पष्ट १०% |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यक्ता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै १०% | ठीकै ७०% | थोरै २०% |
| ३ | तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसर मैत्रीपूर्ण २८% | ठीकै ६८% | अभद्र र अमर्यादित ४% |
| ४ | सेवा प्राप्त गर्न आवश्यमक सूचनाहरु (प्रमाण,कागजात) र शुल्क, दस्तुर बारे तपाईलाई सेवाप्रदाय कर्मचारीले स्पष्ट जानकारी गरे ? | अति स्पष्ट गरीदिए १०% | ठीकै ७०% | अलमल्ल हुनेगरी अस्पष्ट सूचना दिए २०% |
| ५ | तपाईंले राख्नु भएका समस्यालाई के कस्तो समाधान दिए? | अति सजिलो तरीकाबाट समाधान दिए १६% | ठीकै ८०% | समाधान दिन सकेनन् ४% |
| ६ | तपाईलाई सेवाप्राप्त गर्न अपनाईएकाप्रकृया के कस्तो लाग्यो ? | अति सजिलो १०% | ठीकै ४०% | लामो र झन्झटिलो ५०% |

**पालिकाको कुन पक्ष धेरै राम्रो लाग्यो र कुनकुन पक्षलाई सुधार गर्नु पर्ने देखियो ?**

| गाउँपालिकाको राम्रो पक्षहरु | गाउँपालिकाका सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| १) लक्षित वर्गका कार्यक्रमबारे पालिका र वडाले स्थानीयबासीलाई जानकारी गराउने गरेको ।<br>२) नव निर्मित कार्यालय भवन सुविधा सम्पन्न हुँदै गएको छ ।<br>३) कार्यालयमा कर्मचारी र पदाधिकारीहरुको व्यवहार असल छ ।<br>४) गाउँपालिकाले सामाजिक संजालमा नियमित सूचना गर्ने गरेको<br>५) विकास निमार्णका कार्यहरु तिब्रगतिमा अगाडी बढाइएको छ ।<br>६) कार्यालय परिसरमा राम्रो पार्किङ्गको व्यवस्था छ । | १) कृषि उत्पादनमा राम्रो ध्यान दिनु पर्ने देखिन्छ ।<br>२) युवा स्वरोजाकारका कार्यक्रमहरु सिर्जना गर्नुपर्ने टटकारो आवश्यकता छ ।<br>३) कार्यालय समयमा कर्मचारीहरु कार्यकक्षमा भेटिनु पर्ने<br>४) खानेपानी र नहर निर्माण तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br>५) शिक्षाको गुणस्तर सुधार र स्वास्थ्यमा लगानी गर्नुपर्ने देखिन्छ ।<br>६) जेष्ठ नागरिक स्वास्थ्य सेवाका कार्यक्रममा प्राथमिकता दिनुपर्ने<br>७) सार्वजनिक स्थानहरुमा शौचालय र प्रतिक्षलय निमार्ण तर्फ ध्यान दिनुपर्ने । |

बागेश्वरी असल शासन

अनुसुची ३

सहभागिहरुको मुख्य प्रश्न, गुनासो, पीर मर्का तथा जवाफदेहि बक्ताहरुको जबाफ छोट्करीमा

| प्रश्नकर्ताको नाम, थर र ठेगाना | प्रश्न, गुनासो, सुझाव | जवाफदेहि व्यक्तिको नाम, थर र पद | छोट्करीमा जवाफ |
|---|---|---|---|
| भिम वहादुर खड्का, वैजनाथ ६ | १) सार्वजनिक सुनुवाई कार्यक्रममा लाभग्राहीको उपस्थिती न्युन छ सवै लाभग्राहिको समस्या यो कार्यक्रमले कसरी सम्वोधन गर्न सक्दछ ?<br><br>२) जनस्वास्थ्यको निती अनुसार प्राविधीकव यवस्थापन र औषधीको तत्काल आपुर्तिका लागिपालीकाको रणनिती के छ ? | – प्रकाश बहादुर शाही गाउँपालिका अध्यक्ष<br><br>– लक्ष्मण शाही, अधिकृत छैठौं स्वास्थ्य शाखा | १) गा.पा. र अन्तरगतका वडा मार्फत सम्वन्धित सरोकारवालालाई पत्राचार गरीएको थियो । बास नेपालले पनि विभिन्न सञ्चारका टुलहरु प्रयोग गरि प्रचारप्रसार तथा पत्राचार गरेको थियो ।<br><br>२) चिकित्सक ब्यवस्थापनका लागि पालीकाले प्रदेश मन्त्रालयमा टिप्पणी सहित माग भएको छ । समन्वय र स्रोत खोजीकार्य भईरहेको छ । औषधी आपुर्ति व्यवस्थापनलाई चुस्त दुरुस्त गर्नका लागि पालीकाले कोटेशन आव्हान गरिसकेको छ। यि सवै समस्या १५ दिनभित्र सम्वोधन हुने गरी काम गर्नेछौं । |
| हरि चन्द्र कार्की, वैजनाथ ९ | १) पालीकावाट प्रदान गर्ने कृषिजन्य सहयोगको गुणस्तर र दिगोपना कायम गर्नका लागि योजना के छ ? | – प्रमोद कुमार वि.क., कृषि शाखा प्रमुख<br><br>– निर्मला रोकाया गाउँपालीका उपप्रमुख | १) पालीकाले कृषिजन्य सहयोगको गुणस्तर र दिगोपना कायम गर्नका लगि सम्वन्धित नीति तयार गर्ने कार्य अन्तिम चरणमा छ र सोही अनुसार नीतिको प्रभावकारी कार्यान्वयन गरिने छ । कृषिजन्य उत्पादनको भ्यालु चेन स्थापना गर्नका लागि पालीकाले सहयोग र सहजिकरण गर्ने छ ।<br><br>२) पालीकाले विभिन्न विषयगत शाखावाट लक्षित वर्गलाइ सहयोगको कार्यक्रम सञ्चालन गरिरहेको छ । सो को गुणस्तर र निरन्तरता का लागि निरन्तर अनुगमन भईरहेको छ र यसका लागि लाभग्राहीहरुवाट र चनात्मक सहभागिता हुनुपर्दछ । कृषि, शिक्षा, स्वास्थ्य, शसक्तिकरण, आयआर्जन तथा स्वरोगारमुलक कार्यक्रमहरु सञ्चालन भईरहेका छन र थप प्रभावकारी तरिकाले सञ्चालन गर्नेछौं । |
| अजय वैगार, | १) वैजनाथ २ तथा समुदायमा रहेको दलित, सुकुम्वासी र गन्दर्भ समुदायको | वडा अध्यक्ष वडा | १) वडाको स्विकृत वजेट सिलिङ अनुसार विभिन्न विषयगत तवरका कार्यक्रम र सहयोग निरन्तर सञ्चालीत भईरहेका छन् । आयआर्जन, गुणस्तरीय शिक्षा |

| | | | |
|---|---|---|---|
| वैजनाथ २ | उत्थान, समस्या समाधानका लागि के भईरहेको छ ? गन्दर्भ समुदायले अहीले सम्म स्थानीय सरकारवाट सहयोग प्राप्त गर्न सकेका छैनन् । सोही समुदायका वालवालीकाहरुको जन्मदर्ता छैन । यि विषय सम्वोधनका लागि पालीकाको के योजना छ ? | नं. २ र ३<br>पालीका प्रमुख | लगायतका विषयगत कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पालीका र विषयगत शाखासंग समन्वय गरि समस्या समाधान गरिएको छ ।<br><br>लालपूर्जा वितरण कार्य यथाशिघ्र शूरु हुदैछ । निकुञ्ज संग समन्वय गरि सम्भावित समस्या समाधान भएको छ । यसका लागि संघ, प्रदेश सरकार संग समन्वय भएको छ । जन्मदर्ता कार्य निरन्तर अगाडि वढिरहेको नै छ । जन्मदर्ताबाट बञ्चित हुनुपर्ने नीतिगत समस्यान छैन । सो विषयको सम्वोधन गर्न कर्मचारी संयन्त्रलाई प्रष्ट निर्देशन भएको छ । |
| शिवराज थारु, वैजनाथ गापा | १) सडक कालो पत्रे हुन लागेको ३ वर्ष विति सक्दा पनि निर्माण सम्पन्न भएको छैन ।<br><br>२) थारु समुदायका वालवालीकामा देखिने स्वास्थ्य समस्या समाधानका लागि पालीकाको के योजना, निती छ ?<br><br>३) विद्यालय अनुगमन योजना र प्रगति के छ ? | पालीका प्रमुख, उपप्रमुख | १) वडा कार्यालयको वजेटवाट केही सडक कालोपत्रे भएको छ । यो कार्य वडाको वजेटबाट मात्रै सम्भव छैन तसर्थ पालीका संग यसको विषयमा समन्वय भईरहेको छ र सोही अनुसारले निर्माण सम्पन्न गर्नका लागि पहल भईरहेको छ । निर्माण कम्पनी कार्य प्रगति अनुगमन भएको छ र अनुगमन काक्रममा देखिएकका समस्या समाधानका लागि निर्माण कम्पनिलाई निर्देशन दिईएको छ ।<br><br>२) पालीकाले थारु समुदायका वालवालीकामा देखिने स्वास्थ्य समस्या समाधान र रोग नियन्त्रण र रोकथामका लागि प्राथमिकतामा राखेको छ र सोहीअनुसारले कार्यान्वयन गर्नका लागि स्वास्थ्य सेवाप्रदायक संयन्त्रलाई निर्देशित गरिएको छ ।<br><br>३) योजना र विभिन्न विषयगत क्षेत्रको अनुगमन भईरहेको छ । पालीकामा अवस्थित ३८ वटा विद्यालयको अनुगमन भएको छ । अनुगमनले कभरेज गर्न नसकेका विषयहरु समुदायवाट गुनासोको रुपमा आउदा पालीकालाई सम्वोधन गर्न सहजपनि हुन्छ । तसर्थ कहिकतै समस्या परेको खण्डमा लाभग्रहिवाट सूचना प्रवाह गरिदिनका लागि आव्हान गर्दछौ । छात्रवृत्ति, सिपविकास तालीम, विषयगत तालीम, अतिरिक्त क्रियाकलापका लागि शाखागत वजेट विनियोजन भई कार्यान्वयन भएको छ । |
| धन वहादुर थापा क्षेत्री | १) पशु सुत्केरी भत्ता, स्याहार सहयोग निरन्तरता नहुनुको कारण के हो ? सोको | कृषि शाखा प्रमुख | १) म.ले.नि.का. को सल्लाह अनुरुप पशु सुत्केरी भत्ता, स्याहार सहयोग विगतको अभ्यास अनुसार वितरण गर्न नसकिएको हो । सो सम्वन्धमा केही निवेदन पेश |

| | | | |
|---|---|---|---|
| | डकुमेन्टेशन प्रक्रिया घटाउदा सजिलो हुने थियो । | पालीका उपप्रमुख | भएको छ । हिउदे वजेट योजनामा विनियोजन हुन्छ र पशु पोषण दाना वितरण हुनेछ ।<br><br>विमा नितीअनुरुप १०/१०% किसान र पालीकाले व्यहोर्ने भएकाले भुक्तानी गर्न गाह्रो भएको हो र किसानले विमा गरेर कागजात सहित निवेदन पेश गर्दा पालीका भुक्तानी दिन तत्पर छ । |
| अलमिया थारु, कमैया अभियान्ता | १) २३ वर्ष विति सक्दा पनि कमैयाले लालपुर्जा प्राप्त गरेका छैनन् सो सक्बोधन कालागि स्थानीय सरकारको योजना के छ ?<br><br>२) सिचाईकालागि स्थानीय सरकारको निती र सहयोग के छ ? | पालीकाप्रमुख | १) भूमि सुधार मन्त्रालय र मालपोत कार्यालय संग पहल गरि समस्या समाधानको लागि पालीकाले पहल गरिरहेको छ । सो सम्वन्धमा अख्तियारमा मुद्दा परेकाले कानूनी प्रकृयामा रहेको छ ।<br><br>२) १ करोड ८० लाख रुपैया वजेट विनियोजन भएको छ । सञ्चित पोखरी लगाएतका कार्यक्रम कार्यान्वयन भईरहेका छन् । उचित अनुगमन गरि पालीकाले सहयोग गर्ने छ । |
| प्रेमा रावत, वैजनाथ ५ | १) स्वास्थ्य विमा कार्यक्रम राम्रो छ तर यो सेवा लिनका लागि झन्जटिलो छ यो सहजताको लागि पालीकाको रणनिती के छ ?<br><br>२) रेवीजको खोप निशुल्क नेपाल सरकारको प्रावधानमा भएपनि पशु शाखामा पाईएको छैन यो समस्याको समाधान गर्न पालीका संगके योजना छ ? | स्वास्थ्य शाखा प्रमुख<br><br>कृषि शाखा प्रमुख | १) नितीगत समस्याले वाध्यकारी वनाएको छ । यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नकालागि पहल गरिने छ ।<br><br>२) पालीकाले सो सम्वन्धित कार्यविधी इनडोर्स गरिसकेको छ र सो को आधारमा सूचना जारी भएको छ । आगामि दिनमा संघ सरकारवाट वजेट प्रप्त नभएपनि पालीकाले वजेट विनियोजन गरेर निशुल्क पशु खोपको व्यवस्थापन गर्ने छ । |

हेमराज भट्ट

निर्देशक, बास नेपाल